म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १५ बिहीबार, २९ साउन २०८२ ने. सं. ११४५ गुँल्लागा 14 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

**मानव बेचबिखन अपराध हो ।**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
- यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### सरकार गरिब जनताप्रति जिम्मेवार छः मुख्यमन्त्री बानियाँ

# मुख्यमन्त्रीले प्रदेशलाई स्वर्गको बाटोमा लैजाने विश्वास छः प्रतिपक्षी

मनिल महतो

हेटौंडा, २८ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आफ्नो नेतृत्वको सरकार गरिब जनताको भएको बताएका छन् ।

बुधबारको प्रदेशसभामा बैठकमा सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री बानियाँले गरिब जनताप्रति सरकार जिम्मेवार भएर लाग्ने बताए । सुशासन, पारदर्शी र जवाफदेही सरकारको मुख्य उद्देश्य भएको उनले दाबी गरेका छन् । विगतका सरकारले गरेका राम्रा कामलाई वर्तमान सरकारले प्राथमिकतामा राख्ने समेत मुख्यमन्त्री बानियाँले बताए । विपद्को कारण भएका क्षतिलाई कार्यतालिका नै बनाएर पुनर्निमाण गर्ने उनले प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री बानियाँले संघ र स्थानीय सरकारसँग समन्वय गरेर विपद्बाट बासस्थान गुमाएकालाई तत्काल पुनर्वासको व्यवस्था गरिने बताएका छन् ।



मुख्यमन्त्री बानियाँले आफू बोली र व्यवहारसँगसँगै गर्ने व्यक्ति भएको जिकिर गरे । हरेक दिन, हरेक हप्ता, हरेक महिना जनताले महसुश गर्नेगरी तथ्याङ्कको आधारमा काम गर्ने उनले उल्लेख गरेका छन् । मुख्यमन्त्री बानियाँले सुशासन र पारदर्शीताको नमूना मुख्यमन्त्री कार्यालय र निवासबाट सुरु गरिने बताएका छन् । विगतका मुख्यमन्त्रीले कार्यालय र निवासमा गरेको खर्चमा ५० प्रतिशत कटौती गर्ने उनले उद्घोष गरे । मुख्यमन्त्री बानियाँले आफ्नो पहिलो मन्त्रि परिषद् बैठकबाट सेवासुविधाबापत प्राप्त हुने रकम निर्वाचन क्षेत्रमा गरिब विपन्नको घरबनाउन खर्च गर्ने घोषणालाई तत्काल कार्यान्वयनमा अघि बढाइने बताए ।

आगामी दसैं अगाडि नै आफ्नो निर्वाचन क्षेत्रका विपन्न नागरिकको आवास निर्माण गर्ने उनले घोषणा गरे । 'जनमुखी, सेवामुखी, न्यायमुखी आयमुखी र विकासमुखीतर्फ सरकार अगाडि बढ्ने मेरो यात्रा निरन्तर रहनेछ । त्यसको प्रक्रिया हामीले पहिलो क्याबिनेटबाटै सुरु गरिसकेको छौं' उनले भने, 'मैले मुख्यमन्त्रीको हैसियतले पाउने मासिक सुविधाबाट मलाई निर्वाचन जिताउने निर्वाचित गर्ने प्रदेश क्षेत्रका ३० वटा वडाध्यक्षको सबैभन्दा विपन्न गरिबको घर दसैं अगावै बनाइसक्ने छु । गरिबमुखी काम दसैं अगाडि नै घर हस्तान्तरण गरेर त्यहाँबाट सुरु गर्नेछु ।'

मुख्यमन्त्री बानियाँका अनुसार आफ्नो पहिलो क्याबिनेटले गरिब विपन्नवर्ग लक्षित छात्रवृत्ति वितरणको निर्णय गरिएको छ । आर्थिक अवस्था कमजोर भएर पढ्न नपाएर निराशा बनेका सीमान्तकृत जातजाति वनकरिया, थामी, चेपाङ, जिरेल, माझी, पहरीलगायत प्रदेशभित्रका पछाडि परेका वर्गलाई सरकारले अध्ययन छात्रवृत्ति वितरण गर्ने उनको भनाइ छ । प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) का प्रमुखसचेतक रत्नप्रसाद ढकालले मुख्यमन्त्रीले प्रदेशलाई स्वर्गको बाटोमा लैजाने विश्वास रहेको बताएका छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न राजनीतिक स्थिरता प्रदान गर्नुपर्ने आजको आवश्यकता भएको उनले बताए । प्रमुख दुई दल मिल्दा राजनीतिक स्थायित्व प्राप्त हुने आशा गरिए पनि प्रधानमन्त्रीले नै दिनगन्ती गरेर बसेको उनले टिप्पणी गरे । प्रमुखसचेतक ढकालले प्रदेशसभा र सांसद्हरुको औचित्य पुष्टि हुनेगरी काम गर्न पनि मुख्यमन्त्री बानियाँलाई आग्रह गरे । संघीय सरकार जस्तो बागमती प्रदेश सरकार उल्टो दिशामा नहिड्न पनि उनले सुझाव दिए ।

प्रदेशको एकल अधिकार स्थापित गर्ने सवालमा प्रतिपक्षको साथ सरकारलाई रहने उनले बताए । प्रमुखसचेतक ढकालले विगतमा बजेट निर्माणको क्रममा देखिएका त्रुटीलाई सच्चाएर बजेट निर्माणको प्रक्रियालाई थालनी गर्न सुझाव दिए । राप्रपाका संसदीय दलका नेता उद्धव थापाले खेतीपातीको समयमा मल नपाएर किसान रुनु परेको बताए । नेता थपलियाले इम्बोस्ट नम्बर नेपालीमा राख्नुपर्ने र नेपालकै कम्पनीले राख्न पाउनुपर्ने माग गरे । नेकपा एमालेका प्रमुखसचेतक एकालाल श्रेष्ठले मन्त्रीपरिषद्लाई पूर्णता दिने काममा ढिलाई गर्न नहुने बताए ।

प्रदेश सरकारबाट प्रदान गर्ने सेवालाई ढिलासुस्ती नगर्न पनि उनले सरकारलाई सचेत गराए । प्रदेशसभाबाट पारित गरिएको संकल्प प्रस्तावलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकेको खण्डमा भविष्यमा बजेट निर्माण र कार्यान्वयन देखिएका समस्यालाई हलगर्न सकिने उनको भनाई छ । उनले बजेट निर्माणको क्रममा भएको त्रुटिकै कारण सरकार परिवर्तन भएको बताए । आगामी वर्षको बजेट निर्माणको लागि अहिलेदेखि नै पूर्वतयारी गर्नुपर्नेमा उनले जोड दिए । प्रदेशसभा बैठकमा मुख्यमन्त्री बानियाँले महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रदेशसभाको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भएको छ ।

# 'टेकनोभा फेष्ट २०८२' सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ मनहरी गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष शिवप्रसाद खनाल ५२ वर्षको उमेरमा स्नातक अध्ययनको लागि क्याम्पस भर्ना भएका छन् ।

आफैँ व्यवस्थापन समितिको अध्यक्ष रहेको विद्यालयबाट गतवर्ष १२ कक्षा उत्तीर्ण गरेका खनालले मंगलबार हेटौंडा-१९ बस्तीपुरस्थित निर्मल बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र संकायतर्फ स्नातक तहमा भर्ना भएका हुन् । मनहरी गाउँपालिका-१ को दोस्रो कार्यकालका लागि वडाध्यक्ष रहेका खनालले वडाध्यक्ष रहँदा ४८ वर्षको उमेरमा कक्षा ११ मा भर्ना गरेका थिए । 'विद्यालय उमेरमा एसएलसीसम्म मात्रै पास गरेर पढ्ने रहर हुँदाहुँदै छाडेको थिएँ, पछि ४८ वर्षको उमेरमा ११ कक्षा भर्ना भएर १२ पास भएँ । त्यसपछि १ वर्ष खाली बसेर अहिले ब्याचलर पढ्न भर्ना भएको छु' वडाध्यक्ष खनालले भने ।

जनप्रतिनिधि भएपछि जनताको काममा व्यस्त भएकाले गतवर्ष स्नातक भर्ना गर्न नभ्याएको बताउने वडाध्यक्ष खनालले अब पढाई र जनतको काम सँगसँगै अघि बढाएर चारवर्षे स्नातक तह पूरा गर्ने दृढता व्यक्त गरे । प्रौढउमेरमा स्नातक भर्ना हुन आएका वडाध्यक्ष खनाललाई क्याम्पसमा स्वागतसहित मंगलबार भर्ना गरिएको निर्मल बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख सुवासचन्द्र कँडेलले जानकारी दिए । २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट उम्मेदवार बनी वडाध्यक्षमा विजयी बनेका खनालले २०७९ को निर्वाचनमा पुनः वडाध्यक्षमा निर्वाचित बनेका थिए ।

विद्यालयको पढाइ सुधार्ने अभियानका साथै आफ्नो अधुरो पढाई पूरा गरी आत्मविश्वासी बन्न यो उमेरमा पनि उच्चशिक्षालाई निरन्तरता दिइएको वडाध्यक्ष खनालले बताए । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले वडाध्यक्ष खनालले यो उमेरमा पनि पढाईलाई निरन्तरता दिएर गाउँबासीलाई पढाईको महत्वबारे बुझ्ने प्रेरणा प्रदान गरेको बताए ।

'औपचारिक शैक्षिक योग्यताको महत्व कति हुन्छ भन्ने कुरा दर्शाउन वडाध्यक्षज्यू एक उदाहरण बन्नुभएको छ, अध्ययनलाई निरन्तरता दिनुपर्छ भन्ने कुरा उहाँबाट सबैले सिक्न जरुरी छ' अध्यक्ष कालाखेतीले भने ।

# कारागारभित्र हुने हिंसात्मक घटना यो अन्तिम होस्ः बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ नेकपा एमालेका मुख्यसचेतक महेशकुमार बर्तौलाले गृहमन्त्री रमेश लेखकलाई कारागारभित्र हुने हिंसात्मक घटना कैलालीकै अन्तिम हुनेगरी काम गर्न आग्रह गरेका छन् ।

बुधवार बसेको कानून न्याय तथा मानवअधिकार समितिको बैठकमा उनले गृहमन्त्रीको अगुवाईमा कारागारमा हुने यस्ता हिंसात्मक घटना 'अब यो अन्तिम हो' भन्ने ठाउँमा पुऱ्याउनुपर्नेमा जोड दिए । उनले वर्तमान गृहमन्त्री स्टन्ट गरेर हिँड्ने खालको नभई कामको नेतृत्व भएको बताए ।

वर्तमान गृहमन्त्रीलाई काम गरेर देखाउने अवसर पनि रहेको मुख्य सचेतक बर्तौलाको भनाई छ । उनले कारागारभित्र हुने हिंसात्मक घटना नियन्त्रणको लागि आवश्यक स्रोत साधनको पहलकदमीको लागि सबैले पहल गर्नुपर्नेमा जोड दिएका छन् ।

'भोलिका दिनमा कारागार प्रशासनमा यस्ता दुर्घटना, हिंसात्मक क्रियाकलाप नहुन भन्नको लागि विशेषगरी गृह प्रशासनको मूल नेतृत्व गर्ने गृहमन्त्रीज्यु, यहाँ एउटा चाँहि सुझबुझपूर्ण नेतृत्व हो । देशले परसम्म देखेको नेतृत्व हो । यहाँ यो नेतृत्वमा रहँदै गर्दा कम्तिमा पनि कारागार प्रशासनमा हजुर स्टन्ट गरेर हिड्नुहुन्न भन्ने दुनियाँलाई थाहा छ । तपाई काम गर्नुहुन्छ । काम गर्ने नेतृत्व यो ठाउँमा भएको बेला विगतका गृहमन्त्रीले के गर्नुभयो, छोड्दिम । तर, आजको गृहमन्त्रीले केही गर्दैछ भन्ने देखाउने अवसर पनि हो' उनले भने, 'आवश्यक स्रोतसाधनको पहलकदमीको लागि सिंगो हाउसको तर्फबाट हामीले आवश्यक सार्वजानिक विषय बनाएर पहलकदमी गर्ने कुरा पनि गर्नुपर्छ । समितिले गर्नुपर्ने कुरा हामी गर्छौं यहाँको अगुवाईमा कारगार हुने यस्ता हिंसात्मक घटना अव यो अन्तिम हो भन्ने ठाउँमा पुऱ्याउनुपर्छ ।'

कारगारभित्र चौकीदार वा नाइके, भाइनाइके बन्नका लागि अस्वस्थ गुट, समूह जन्मिन थालेको पनि उनले बताए । नेतृत्वमा पुग्नको लागि विभिन्न प्रकृतिका समूह सिर्जना हुने र ती समूह हिंसात्मक गतिबिधिसम्म हुने गरेको मुख्य सचेतक बर्तौलाको भनाई छ । यस्ता कुरालाई सरकारले कानूनीरुपमा व्यवस्थित गर्न ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

# वाइसीएललाई उच्चसम्मानका साथ हेरिएको छः संयोजक पाख्रिन

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ नेकपा (माओवादी केन्द्र) भातृसंगठन वाइसीएल नेपाल मकवानपुरले जिल्लाभित्र सरसफाई अभियान तीव्र बनाएको छ ।

पार्टीको केन्द्रीय प्रदेश कमिटीको निर्देशनमा वाइसीएल नेपाल मकवानपुरले जिल्लामा नियमितरुपमा सरसफाई कार्यक्रम सञ्चालन गर्दै आएको नेकपा (माओवादी केन्द्र) जिल्ला संयोजक भीम पाख्रिनले जानकारी दिए । पाख्रिनका अनुसार अभियानमा जिल्ला पार्टी, स्थानीय पार्टी इकाइ तथा वाइसीएल संयुक्तरुपमा श्रमदानमार्फत् सहभागी भइरहेका छन् । 'वाइसीएलको सक्रियतालाई माओवादी केन्द्र मकवानपुरले उच्चसम्मानकासाथ हेरिरहेको छ,' पाख्रिनले भने ।

उनका अनुसार वाइसीएल मकवानपुरमा फेरि सशक्तरुपमा सक्रिय बनेको छ । 'श्रमदान मात्र होइन, जिल्लामा व्याप्त विभिन्न सामाजिक विकृति र विसंगतिकाविरुद्ध पनि वाइसीएलले आवाज उठाउँदै आएको छ,' पाख्रिनले भने । उनले सरसफाई अभियानलाई नागरिकले सकारात्मकरुपमा लिएको उल्लेख गर्दै यसलाई अझ फराकिलो रुपमा विस्तार गरिने विश्वास व्यक्त गरे ।



साझाकुरा

## हाम्रो कुरा

# हस्ताक्षर संकलनमा मध्यवर्ती बासिन्दा

मकवानपुरको मनहरी गाउँपालिका मुलुकको दुईवटा राष्ट्रिय निकुञ्जसँग सीमा जोडिएको छ । हेटौंडा उपमहानगरका दुईवटा वडा राष्ट्रिय निकुञ्जको सीमानामा रहेको छ । पदमपोखरीबासीले मध्यवर्ती क्षत्रबिरुद्ध हस्ताक्षर अभियान सुरु गरेका छन् । यो क्रम मनहरीमा पनि सुरु भएको छ । हेटौंडाको दुई वडा र मनहरीमा जंगली जनावरको जोखिम बढी छ । मनहरीको सबै वडा जंगली जनावरको जोखिममा रहेको छ । हरेक साल दुई तीन जनाले अनाहकमा जंगली जनावरको आक्रमणबाट ज्यान गुमाइरहेका छन् । यो प्रदेशको राजधानी भएको क्षेत्रको समस्या हो । नेपालका कतिपय दुरदराजका ग्रामीण क्षेत्रमा जंगली जनावरले दिनुसम्मको दु:ख र पीडा स्थानीयलाई दिएको छ । मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकामा तीन महिना अघि घाँस काट्न गएकी महिलाको ज्यान लिने बाघलाई नियन्त्रणमा लिइएको थियो । चारवटा हात्ती र चितवन तथा पर्सा राष्ट्रिय निकुञ्चको टोलीले बाघलाई नियन्त्रणमा लिएको हो । मनहरी-५ बसन्तपुर गुम्बाटोलमा बाघको आक्रमणबाट ७२ वर्षीया कान्छीमाया रुम्बा मृत अवस्थामा राति घरनजिकैको बारीमा भेटिएकी थिइन् ।

बाघले बसन्तपुरका सूर्यबहादुर मोक्तानको खोरमा पसेर ७ वटा बाख्रा मारेको थियो । दुईवटा घटनापछि बसन्तपुरबासी त्रसित बनेका थिए । मनहरीमा बाघ, हात्तीलगायतका वन्यजन्तुको आतंक विगतदेखि नै छ । एक वर्षअघि मात्रै मनहरी-६ प्रतापुरमा भैंसीले बाघ मारेको थियो । गत ५ भदौमा मनहरी-६ प्रतापुरका बलबहादुर राईको गोठमा बाँधेको भैंसीलाई आक्रमण गर्ने क्रममा उल्टै भैंसीले प्रतिकार गर्दा बाघ मरेको प्रहरीको घटना मुचुल्का र चितवन राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीको रिपोर्टले दाबी गरेको थियो । चितवन राष्ट्रिय निकुञ्जको पूर्वीक्षेत्र मध्यवर्ती वनसँग मनहरी जोडिएकाले यहाँ हरेक वर्ष वन्यजन्तुको आक्रमणले जनधनको क्षति हुँदै आएको छ । स्थानीयले वन्यजन्तुको जोखिम न्युनीकरणका लागि तारबार लगाएर बस्ती क्षेत्रको संरक्षणको माग गर्दै आए पनि राज्यले ध्यान दिएको छैन । मनहरीको पश्चिम क्षेत्रमा पटक-पटक हात्तीले पनि क्षति गर्ने गरेको छ । मनहरी गाउँपालिकाको हेटौंडा उपमहानगरसँग सीमा जोडिएको पूर्वीक्षेत्र पर्सा राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको छ । पर्सा निकुञ्जबाट आएका वन्यजन्तुले पनि मनहरी-१ देखि ४ नम्बर वडा र हेटौंडाको १२,१३,१४ नम्बर वडामा आंतक मच्याउँदै आएका छन् । बस्तीमा पसेका जंगली जनावर खोजीका लागि निकुञ्ज सुरक्षार्थ खटिएको सुरक्षाकर्मीको टोलीले जंगली जनावर फर्काउने मात्र हो । जनताको सुरक्षा आफैं गर्नुपर्ने अवस्था छ ।

मध्यवर्ती क्षेत्रका बासिन्दा र जंगली जनावरबीचको लडाईं बढेपछि मकवानपुरका सांसद महेशकुमार बर्तौलाले यो समस्या समाधानको उपाय कानुनी बिधिबाट गर्ने काम भइरहेको बताउँछन् । जंगली जनावर संरक्षण गर्ने विषय अन्तर्राष्ट्रिय चासोको विषय हो । नेपालको तीनै तहका सरकारले यो समस्या तत्काल समाधान गर्न सक्ने अवस्था छैन । बफरजोनका बासिन्दा र जंगली जनावरबीचको द्वन्द्व कम गर्ने बैज्ञानिक उपाय खोजी गर्ने बाहेक तत्काल समस्या समाधान गर्ने सम्भावना स्थानीयले देखेका छैनन् । जंगली जनावर गाउँ पसेको हल्ला चलेपछि स्थानीय विद्यालयमा पठनपाठन समेत प्रभाबित हुने गरेको छ । मध्यवर्ती क्षेत्रमा बस्ने नागरिकले सँधैभरि त्रासमा बाँच्नु परि रहेको छ । राज्यलाई नागरिकको भन्दा जनावर जोगाउने कार्यमा बढी चासो रहेको स्थानीय बताउँछन् । निर्वाचनमा भोट माग्ने एजेण्डा मात्र बनिरहेको मध्यवर्ती क्षेत्रको समस्या दीर्घकालीन रुपमा समाधान गर्न बहस गरौं र समाधानमा लागौं । जंगली जनावर भन्दा नागरिकको जीवन महत्वपूर्ण छ भन्ने हेक्का सबैमा हुनु जरुरी छ ।

# घातक जेई भाइरसले घन्टी बजाइसक्यो, सजग बनौं



✍डा. शेरबहादुर पुन



केही दिनअघि काठमाडौँको एक निजी अस्पतालमा जापानिज इन्सेफलाइटिस अर्थात् जेई भाइरसको उपचार गराइरहेका बिरामीको आफन्तसँग कुराकानी भएको थियो । उनका अनुसार जेई भाइरस संक्रमित बिरामी एकपछि अर्को गर्दै उपचारका लागि काठमाडौं आइरहेका छन् । केही दिनअघि बिरामी भएर (चितवनमा) अस्पताल गएका एकजना पुरुष औषधि किनेर फर्कने क्रममा बेहोस भएका थिए । ती बिरामीलाई पनि जेई भाइरसको शंका लागेर परीक्षण तथा उपचारका लागि काठमाडौं ल्याइएको छ । बिरामीका ती आफन्तका अनुसार थप आधा दर्जनको हाराहारीमा बिरामी जेई भाइरसको शंकामा उपचारका लागि काठमाडौंमा आएका छन् ।

माथि उल्लेखित जेई संक्रमितका आफन्त पनि चितवनवासी भएकोले जेई अर्थात् जापानिज एन्सेफलाइटिस भाइरसको प्रकोप चितवनमा तीव्र गतिमा फैलिरहेको अनुमान गर्न सकिन्छ । स्वास्थ सेवा विभागको तथ्यांकअनुसार चितवन मात्र नभई तराईका विभिन्न जिल्लामा जेई भाइरस फैलिँदो छ ।

झन्डै साढे दुई दशक अगाडि जुनियर मेडिकल अधिकृतको रूपमा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा सेवा दिँदै गर्दा हप्तामा नै दर्जनौं जेई संक्रमित बिरामीको मृत्यु हुने गर्थ्यो । जेई विरुद्धको खोप नेपालमा पर्याप्त नहुँदा/प्रयोग नहुँदा त्यो अत्यासलाग्दो मृत्युदर देखिएको थियो ।

सन् २००५ मा जेई भाइरसको महामारीबाट झन्डै दुई हजार बिरामीको मृत्यु भएलगत्तै चीनमा विकास गरिएको खोप नेपालमा व्यापक प्रयोग गरिएको थियो । सो खोपको प्रयोगबाट जेईको मृत्युदर उल्लेखनीय रूपमा घटाउन नेपाल सफल भएको थियो । तत्पश्चात् सो खोपलाई बाल खोप कार्यक्रमअन्तर्गत पनि समावेश गरियो ।

तर, पछिल्ला केही वर्षयता भने जेई भाइरस संक्रमणको ग्राफ बढ्दो छ । संक्रमितको संख्या मात्र होइन, मृत्युदर पनि बढ्दै गइरहेको तथ्यांकमा देखिन्छ । गत वर्ष (सन् २०२४) मृत्यु हुनेको संख्या अघिल्लो वर्ष (सन् २०२३) भन्दा झन्डै दोब्बर (१७ जनाको मृत्यु) देखिन्छ । यो वर्ष पनि मनसुनको सुरुवातीमै जेई भाइरसबाट ३ जनाको मृत्यु भइसकेको छ भने ३३ जनामा संक्रमण पुष्टि भएको भइसकेको छ ।

नेपालमा जेई भाइरस विशेषत जुन-जुलाई महिनामा सक्रिय हुँदै अगस्ट महिनामा उच्चतम बिन्दुमा पुग्ने गरेको देखिन्छ । अर्थात् जेई संक्रमणको जोखिम नेपालमा अझै केही हप्ता हुनेछ । जेई संक्रमणको जोखिम विशेषत: १५ वर्ष मुनिका बालबालिकामा हुने भन्ने गर्थ्यो । तर पछिल्ला केही अनुसन्धानले भाइरसको जोखिम वयस्कमा पनि उत्तिकै हुने देखाएको छ ।

सन् २०१७ मा प्रकाशित एक अनुसन्धान लेखले वयस्कमा पनि संक्रमण र मृत्युदर बढी हुने गरेको नतिजा प्रकाशित गरेको थियो । यो वर्ष जेई संक्रमणको जटिलताबाट मृत्यु हुनेमा १९, ४९ र ७४ बर्षका पुरुष छन् । जेई विरुद्धको खोप बाल खोप कार्यक्रममा समावेश गरिएकोले १५ वर्ष मुनिका बालबालिकाको मृत्यु नभएको हुनुपर्छ ।

तर, १९ वर्षको पनि मृत्यु हुनुले खोपको थप बुस्टर आवश्यकताको संकेत गर्छ । यद्यपि, १९ वर्षीय बिरामीले जेई विरुद्धको खोप लगाएको/नलगाएको सार्वजनिक भएको भने छैन । बाँकी दुई मृतकको उमेरअनुसार नेपालमा खोप सुरु नै भएको थिएन । तसर्थ, अहिलेको मुख्य बहस जेई भाइरसविरुद्ध खोप नलिएका वयस्क खोप कहाँ पाइन्छ भनेर अनविज्ञ हुनु हो ।

माथि सुरुमा उल्लेखित संक्रमितको आफन्तले पनि आफूले जेई भाइरसविरुद्धको खोप लगाउन चाहेको तर कहाँ उपलब्ध हुन्छ/पाइन्छ भन्ने जानकारी नभएको भनेका थिए । तसर्थ, वर्षेनी जेईको प्रकोप बढ्दै जाँदा सम्बन्धित निकायले संक्रमणबारे जानकारी व्यापक गर्नुपर्ने अनि खोपको सहज पहुँच वा उपलब्धता/जानकारी पनि दिनुपर्ने आवश्यकता देखिन्छ ।

जेई भाइरस उच्च घातक मात्र होइन, यदि उपचार गरेर बचाउन सकियो भने पनि यीमध्ये झन्डै ५० प्रतिशतमा जीवनभर नसासँग सम्बन्धित अपांगता पनि गराउन सक्छ । जस्तै- कम्पन आइरखने, सुन्ने शक्ति वा दृष्टि गुम्ने, बोल्ने क्षमता अनि स्मृतिमा ह्रास हुने, बोलाइ/इस्पिच कमजोर हुने, हातखुट्टा लुला हुने जस्ता समस्या देखिन सक्छ ।

जेई भाइरसको विशेष एन्टीभाइरल औषधि विकास गरिसकिएको छैन । तर भाइरसविरुद्ध प्रभावकारी खोप भने उपलब्ध छ ।

काठमाडौंमा पनि जेई भाइरसको प्रकोप हुनसक्छ ? साढे दुई दशक अगाडि अस्पतालमा सेवा सुरु गर्दा जेईका भर्ना भएका बिरामी लगभग सबै तराईमा बसोबास गर्नेहरू थिए । तर पछिल्लो समय काठमाडौंमा पनि जेई भाइरस संक्रमित देखिन थालेका छन् ।

काठमाडौँमा देखिएका झन्डै ७५ प्रतिशत जेई संक्रमित काठमाडौँ बाहिर गएका नै थिएनन् । अर्थात् उनीहरू काठमाडौँका रैथाने लामखुट्टेले टोकेर संक्रमित भएका थिए ।

संक्रमितमध्ये २० प्रतिशतको मृत्युसमेत भएको सो अनुसन्धानले देखाएको छ । यसबाट जेई भाइरस फैलाउने क्युलेक्स जातको लामखुट्टे काठमाडौँमा पनि प्रशस्त छ भन्ने देखाउँछ ।

हाल तराईका केही जिल्लामा मात्र सीमित जस्तो देखिएको जेईको प्रकोप काठमाडौँमा पनि ढिलो चाँडो देखिन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । अव्यवस्थित घना बस्तीको कारणले पनि जेई भाइरसको जोखिम काठमाडौँमा अरु कीटजन्य संक्रमण सरह उच्च छ ।

जेई भाइरसले नेपालमा झन्डै १९ वर्षको अन्तरालपछि कमब्याक गरेको छ । हाल डेंगुको सम्भावित प्रकोप नियन्त्रणको बारेमा योजना बुन्दै गर्दा अर्कोतिर डेंगुभन्दा घातक मानिने किटजन्य भाइरस जेई प्रकोपको सामना गर्नुपर्ने अवस्था सिर्जना भएको देखिन्छ । तर, खोपको पहुँचलाई विस्तार र सहज गर्न सके यो भाइरसबाट हुनसक्ने मानवीय क्षतिलाई शून्यमा ल्याउन सकिने बिगतको अनुभवले देखाइसकेको छ । यसप्रति सम्बन्धित निकायको सघन ध्यान जान जरुरी देखिन्छ ।

*(साभार: अनलाइनखबर)*

# एमालेको लफडा: यथार्थ कि नाटक ?



✍केशव अधिकारी

नेपाली राजनीतिको बजार एमाले पार्टीको लफडाले तातेको छ । त्याग र समर्पणका पर्यायका रूपमा चिनिनुपर्ने एमाले कम्युनिस्टहरू पद र सत्तालोलुपतामा चुर्लुम्मै डुब्नाले यो अवस्था आएको हो । नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीमा दुई कार्यकालको पार्टी अध्यक्षको कार्यभार सम्हालेर पनि पुन: अध्यक्षकै पदमा टाँसिइरहने मानसिकता हाबी भएको छ । अरु कसैलाई पनि ढिम्किन नदिने रणनीति बनाएका हुनाले उनकै धेरै कार्यकर्ता र केन्द्रीय सदस्यहरूमा समेत निकै असन्तुष्टि बढेको छ । यतिसम्म कि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी आफूले पूर्वराष्ट्रपतिको हैसियतले पाउने सबै सुविधा त्यागेर सक्रिय राजनीतिमा फर्केको घोषणा गर्दै विपक्षमा उभिँदै गर्दा प्रधानमन्त्री ओलीका लागि टाउको दुखाइको विषय बनेको छ । यही असन्तुष्टिका कारणले गर्दा प्रधानमन्त्री ओलीको पक्षमा भन्दा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीका पक्षमा बढी जनसमर्थन बढ्दै गएको छ । विद्याको पक्षमा जति धेरै समर्थन बढ्दै जान्छ, त्यति नै ओली पक्षको टाउको दुखाइको विषय बढ्दै जान्छ ।

एमालेभित्रको यो लफडा यथार्थ हो वा केवल आम नेपाली जनतालाई झुक्याएर ‘माछो-माछो भ्यागुतो’ बनाउने खेलमात्र हो भन्ने कुरा थाहा नभएर आम विश्लेषकसमेत अलमलमा परेको अवस्था विद्यमान छ । नेकपा एमाले पार्टीभित्रै बाट विद्या पुन: सक्रिय राजनीतिमा फर्कन लागेको थाहा पाएपछि प्रधानमन्त्री ओलीले रोक्न खोजेको कुरा बाहिर आएको थियो । पूर्वराष्ट्रपतिजस्तो गरिमामय पदमा आसीन भइसकेकी विद्याले सक्रिय राजनीतिमा फर्कँदा उनको साख घट्ने कुरा बताएर पनि प्रधानमन्त्री ओली विद्यालाई सक्रिय राजनीतिमा आउनबाट रोक्ने प्रयासमा लागेका देखिन्छन् । यी क्रियाकलाप आफैँमा यथार्थ हो कि होइन भनेर भित्री मर्म बुझ्न सकिएको अवस्था छैन । नाटक कहाँनेर देखिन्छ भने, वर्तमान अवस्थामा भालुको कम्पटरुपी सत्ताको बागडोर सम्हालेका प्रम केपी ओली सत्ता छोडुन् भने जेल जान तयार हुनुपर्छ, सत्ता नछोडुन् भने चौतर्फी विरोधका कारण सत्ता टिकाउन नै गाह्रो परिसकेको अवस्था छ । त्यसैले प्रम ओली र पूर्वराष्ट्रपति विद्याका बीच एक प्रकारको नाटक मञ्चन भई पुन: जनतालाई केही भए पनि गुमराहमा राख्ने षड्यन्त्र हो कि भनेर पनि शङ्का गर्ने ठाउँ रहेको छ । दोस्रो विषय के भने, प्रधानमन्त्री तथा एमाले पार्टी अध्यक्ष केपी ओलीसँग सत्ता सञ्चालनको कुनै तौरतरिका नभई चलाउन खोजेका कारण सर्वत्र बिग्रँदै र भत्कँदै अनि थाम्न गाह्रो पर्दै गएको छ । सोही अनुसार विद्यासँग पनि सत्ता सञ्चालनको कुनै तौरतरिकाबेगरकै फोस्रा गफभन्दा अरु केही हुँदैनन् ।

वर्तमान अवस्थामा देशले खोजेको शासकको कुरा गर्ने हो भने नि:स्वार्थ भावले देश र जनताको सेवा गर्ने कुशल शासकको अपेक्षा गरिएको छ । भोलिका दिनमा विद्याले सत्तारोहण गरेर सम्मानित राष्ट्रपतिको स्थानमा ओलीलाई उभ्याउने भन्ने खालको गोप्य सहमति भएको पनि हुन सक्छ । यदि यस्तो सहमति भएको रहेछ भने कैयौँ वर्षसम्म ओली शैलीकै शासन कायम रहन्छ । आखिर जे सहमति, विमति भएको भए तापनि नेपालको शासन सञ्चालनमा अपेक्षित मात्रामा सुधार आउनको लागि अझै निकै वर्षहरू बिताएर मात्र हुन सक्छ कि भन्ने झीनो आशा राख्न सकिन्छ ।

विद्या भण्डारी सक्रिय राजनीतिमा आउँदै गर्दाको क्षण यदि उनी सक्रिय राजनीतिमा आएर जनअपेक्षित केही काम गर्न सकिन् भने त उनको सम्मान पूर्वराष्ट्रपतिको सम्मानको तुलनामा अधिक हुन्छ ।

हालका राजनीतिक संरक्षणमा भएका अनेक बेथितिलाई पूर्वराष्ट्रपति विद्याले एउटै सूत्रमा उनी निमिट्यान्न पार्न सफल भएको खण्डमा उनको गरिमा अझ बढेर जानेछ । होइन भने उनी पनि केपी ओलीकै ड्याङमा मिसिने मात्र हुन् । उनी सत्ताको बागडोर सम्हाल्नै पुगे पनि तिनै ओली-देउवा प्रवृत्तिको शैलीमा चलाएको शासनले आम जनताको चित्त बुझाउन पर्याप्त ऊर्जा दिनेछैन । उनको शासन गराइ पनि ओली-देउवा मार्काको भन्दा खासै फरक तरिकाको हुनेछैन । लुटेर खान पल्केका ओलीका वा देउवाका कार्यकर्ताजस्तै विद्याका कार्यकर्ता पनि सोही मनोवृत्तिका हुनाले कुनै न कुनै च्यानल मिलाएर भए पनि नखाई सन्तुष्ट हुनेवाला छैनन् । ओलीले बोलेजस्तै, म आफू पनि भ्रष्टाचार गर्दिन र अरुलाई पनि भ्रष्टाचार गर्न दिन्न भनेर फोस्रो खोकाइले मात्र भ्रष्टाचार रोकिने वा न्यून हुने अवस्था बन्दैन । यसका लागि निर्मम भएर काममा उत्रनै पर्ने हुन्छ ।

हालको भ्रष्टाचारले जर्जर पारेको देशको नाजुक अवस्थाले गर्दा आम नेपाली नागरिकलाई वाक्क-दिक्क बनाएको छ । आम नेपाली युवावर्ग निराश र चिन्ताको आगोमा डुबेका छन् । कोही पनि नेताको राजनीतिको बारेमा चर्चा चल्दाको बखत फलानो नेताचाहिँ सत्तामा आए केही उन्नति हुन्थ्यो कि, भ्रष्टाचारीलाई सख्त कार्यवाही गरेर देशलाई भ्रष्टाचारमुक्त बनाउन सक्थे कि, अरुको हत्या-हिंसा गर्ने अपराधीहरुले उचित सजाय पाउने खालको वातावरण बन्थ्यो कि भन्ने सोच बोकेर सुशासन दिन सक्ने नेताको तीव्र प्रतीक्षामा छन् नेपाली जनता । तर फेरि पनि उही र उस्तै शासन चलाएर आम जनतालाई अझै अधिक निराशा थप्ने गरी शासन चल्न थाल्यो भने कोही नेता राजनीतिमा सक्रिय भएर आउँदा देशलाई के योगदान पुग्यो ? जनताले के पाए ? भन्नेजस्ता प्रश्न हामीमाझ उठ्न सक्छन् । यो एउटा जनता अलमल्याउने एकाङ्की नाटकमात्र हुनेछ । कोही व्यक्ति विशेषसँग बदला लिने उद्देश्यले सक्रिय राजनीतिमा आउनुको साटो जोगी बनेर हिँड्नु नै अधिक शोभादायी देखिन्छ ।

हुन त प्रधानमन्त्री केपी शर्मा ओली अरु बेला पनि उखान टुक्का सुनाउँदै र अरुलाई उपदेश दिँदै हिँड्ने गर्थे । उनले आफूलाई संसारका सबै विषयमा जानिफकार व्यक्तिका रूपमा ठानेर अरुलाई सराप्न अनि शत्रुको भावले औँल्याउन थालेका छन् । त्यति मात्र होइन कि अहिले आएर निकै दु:खद अभिव्यक्तिसमेत दिन थालेका छन् । आजभोलिका उनका अभिव्यक्ति सुन्ने जोसुकै पनि छक्क पर्न थालेका छन् । देशको सर्वोच्च तहको शासकले ‘फलानो-फलानो व्यक्ति वा संस्थाचाहिँ मेरा शत्रु बनेका छन्’ भनेर अभिव्यक्ति सार्वजनिक सभामा दिनु सुहाउँदो कुरा होइन ।

प्रम ओलीका लागि शत्रु बनेका मान्छेहरू देशका लागि कामयावी हुने महत्वपूर्ण व्यक्ति हुन सक्छन् । देशको सर्वोच्च शासक भनेको आम नागरिकको लागि अभिभावक ठहरिन्छ । अभिभावकले सकेसम्म आफ्ना नागरिकलाई सुरक्षित भएर बाँच्न र उन्नति गर्न पाउने खालको वातावरण तयार गराउन प्रयास गर्नुपर्नेमा बेकारका अभिव्यक्ति प्रकट गर्दै हिँड्नु बहुलट्ठीपनाको पराकाष्ठाबाहेक केही होइन । प्रधानमन्त्रीजस्तो एउटा स्वतन्त्र अस्तित्व भएको सार्वभौमसत्ता सम्पन्न देशको शासकले त्यति झीना-मसिना विषयमा अल्झेर त्यति घृणित स्तरको अभिव्यक्ति पस्कनु आफैँमा मूर्खताको पराकाष्ठा हो । यस्ता अभिव्यक्तिले आम नागरिक शासकको बीचमा हुनुपर्ने सौहार्दताको वातावरणमा समेत खलल पुऱ्याउँछ । कैयौँ वर्षअगाडि हटिसकेको नेपालको राजतन्त्र हाम्रा प्रधानमन्त्रीका लागि कसरी शत्रु बन्न पुग्यो ? प्रधानमन्त्रीको हृदयमा सहिष्णुताको भावना एकथोपो पनि रहेनछ । उनले गरेका खराब कामको विरोध गर्नेजति सबै उनका नजरमा शत्रु ठहर्दा रहेछन् ? यस्ता केटौले मात्र होइन कि पँधेर्नी ग्रामीण, अपठित महिलाले दिन सुहाउने अभिव्यक्ति अनि सोही अभिव्यक्ति बमोजिमको साँघुरो सोचाइका भरमा चलाएको शासन कसरी सुशासन हुन सक्ला त ?

हाम्रा प्रधानमन्त्रीलाई आउँदो अधिवेशनमा नेकपा एमाले पार्टीको अध्यक्ष बन्नको लागि सत्तरी बर्से उमेर हदले पनि रोक्न सकेन । किनभने उनी स्वयं सत्तरी बर्से हद पार गर्दै भए पनि १४ वर्ष आफूले जेल जीवन बिताएकाले सत्तरी वर्षमा १४ वर्ष घटाउनुपर्ने र बाँकी वर्षले सत्तरी वर्ष नकटेको भन्ने अभिव्यक्ति सुन्दा अर्को आश्चर्यजनक कुरा सुन्न पाएको अनुभूत हुन्छ । उनी १४ वर्ष जेल जीवन बिताएका भए पनि देश र जनताका लागि जेलजीवन बिताएका होइन रहेछन् भन्ने कुरा बच्चाले समेत जान्ने कुरा हो । यदि देश र जनताका लागि जेलजीवन बिताएका हुन्थे भने उनको दिमागको सोचाइ, आम मान्छेलाई हेर्ने दृष्टिकोण निकै फराकिलो हुने थियो । दिमागको सोचाइ अलि फराकिलो भइदिएको भए आज उनका नजरमा चार शत्रु र अरु मित्रु भन्ने क्षुद्र सोचाइको छाया पनि देखिने थिएन । आफ्नै मातहतमा भएको, उसनकै सेवा र सुरक्षामा खट्ने सेना र प्रहरीको शक्ति उपभोग गर्न पाउने सम्पूर्ण अधिकार हातमा लिएर बसेको व्यक्ति त्यति झीना-मसिना विषयबाट डराउँछ भने त्यस्तो डरछेरुवा व्यक्ति कसरी शासक बन्न सक्छ ?

असल काम गरेर लोकप्रियता कमाउन नसक्ने अनि जनतामा बलजफत कुशासन लाद्न खोज्ने शासकका सफा आत्मा भएका सच्चा मित्र कोही पनि हुँदैनन् । जसलाई शासकले सच्चा मित्रको रुपमा हेरेको वा ठानेको हुन्छ, ती सबै अनुकूल समयको ताकलाई कुरेर बसेका स्वार्थी वा लम्पट मान्छेको भीडमात्र हो । समय अनुकूल आएपछि र आ-आफ्ना स्वार्थ पूर्ण भएपछि शासकलाई फगत एक्लो छोडेर जानेवाला हुन्छन् । हालको नेपाल अधिराज्यको शासनको भार सम्हालेर बसेका केपी ओलीको हालत पनि सोही अवस्थाबाट गुज्रेर गइरहेको छ । शासकले दैनिकजसो कुनै न कुनै नाटक मञ्चन नगरेको क्षण नै छैन । हाल पूर्वराष्ट्रपति विद्या भण्डारी अनि प्रधानमन्त्री केपी शर्मा ओली राजनीतिका नायक पात्र बनेर नाटक मञ्चन गरिरहेका छन् । सञ्चारमाध्यमले राम्रै विषयवस्तु फैलाउन अनि विश्लेषण गर्न थालेका छन् । तर यी कुनै पनि विषयवस्तु नेपाल देश अनि आम नेपाली जनतालाई सुख दिन, शान्ति स्थापनार्थ, देशको उन्नतिका लागि गरिएका वा भएका नाटक हुँदै होइनन् । बरु यसको उल्टो कुन षड्यन्त्र लगाएर कताबाट कसरी देश लुट्ने ? कुन घुमाउरो तरिका अपनाएर नेपाली जनतालाई दु:ख दिने ? भन्ने नाटकको केवल तयारी अभ्यासबाहेक केही होइन । देश र जनताका लागि बनेको शासक कहिल्यै पनि तानाशाह बन्न सक्दैन, कहिल्यै अरुलाई निषेध गरेर आफैँमात्र शासन चलाऊँ भन्ने दिमागको हुनै सक्दैन । यी कुरालाई दक्षिण अफ्रिकाका महान् राजनेता नेल्सन मण्डेलाले प्रमाणित गरिसकेकै छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन ३० गते शुक्रबार १५ अगष्ट २०२५ । सप्तमी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३५, सूर्यास्त ६:४०।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आलोचनामा वृद्धि | तुला | : मान्यजनबाट विवाद |
| वृष | : यात्रामा अवरोध | वृश्चिक | : अहमपनले कार्यमा हानि |
| मिथुन | : व्यवसायमा सफलता | धनु | : शत्रु नाश |
| कर्कट | : मान हानिले खिन्नता | मकर | : परिवारमा कलह |
| सिंह | : धर्मकार्यमा खर्च | कुम्भ | : रोग नाश |
| कन्या | : न्यायिक कार्यमा सफलता | मीन | : अशुभ समाचार सुन्नुपर्ने |

# कृषिप्रधान देशमा मलकै हाहाकार

नेपालगञ्ज/बाँके खजुराका किसान लालबहादुर खत्रीले यस वर्ष दुई बिघा जमिनमा धानखेती लगाएका छन् । धान रोपेको डेढ महिना बित्यो । अब धान पोटाउने बेला भएको छ । ठीक यो बेलामा धानमा युरिया मल हाल्न सकिएन भने धान फल्दैन । त्यसैले उनको दिनचर्या अहिले कृषि सहकारीको कार्यालय धाउँदैमा बितिरहेको छ ।

कार्यालय पुग्नुअघि भीड छिचोलेर घण्टौं लाइन बसेर दुई-चार किलो मल लिनुपर्छ । बुधबार बल्लतल्ल उनले २५ किलोको एक बोरा मत पाए तर दुई जना मिलेर आधा-आधा बाँड्नुपर्ने शर्तमा । 'हरेक वर्ष हामीले यसैगरी मलको अभाव भोग्नुपरिरहेको छ' उनले संचारकर्मीसँग भने, 'सधैं जस्तो यसपालि पनि दुःख पाइएको छ ।'

उनका अनुसार विगतका वर्षहरूमा भारतबाट पनि किसानहरुले केही मल आफ्नै तरि काले ल्याउँथे । यसपटक नाकाबाट भारतीय सुरक्षाकर्मीले मल नेपाल ल्याउन दिएका छैनन् । त्यसैले अभाव झन् बढेको छ ।

'मल नै कम छ, भार तबाट पनि ल्याउन पाएको छैन । यो अभावमा कृत्रिम अभाव सिर्जना गर्ने काम पनि भएको छ', उनले भने । उनका अनुसार सरकारले गत वैशाख-जेठमै किसानहरूको लगत लिएर आवश्यक तयारी गरेको भए यस्तो अभाव झेल्नुपर्ने थिएन । तर जब किसान समस्यामा पर्छन् त्यो बेला मात्र सरकारी निकायहरुको चेत खुल्छ ।

समयमै सरकारी निकायहरु सम्भावित समस्याबारे तयारी अवस्थामा बस्दैनन् । विगतमा जस्तै मल अभावमा देशैभर किसानले दुःख झेलेपछि मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले कृषिमन्त्री, उद्योगमन्त्री लगायत कृषिका विभिन्न निकायकै पदाधिकारीहरुलाई कार्यालयमै बोलाएर मलको अभावबारे सोधपुछ गरे । समयमा किन नपुऱ्याएको भन्दै प्रश्न गरे ।

'प्रधानमन्त्रीले नै यो महसुस गर्नु त राम्रो हो तर बेला घर्किएपछि लिएको चिन्ताको के अर्थ रह्यो र ? किसान खत्री आक्रोश पोख्छन्, 'नेपालमा यति धेरै राजनीतिक दल छन् । तिनका किसान भ्रातृ संगठन छन् । हामी यस्तो अभावमा पर्दा आजसम्म के हेरेर बसेका छन् ?'

कृषि सामग्री कम्पनी नेपालगञ्जका प्रमुख पुष्पराज श्रेष्ठका अनुसार बाँके जिल्लामा धान खेतीका लागि करिब ६ हजार मेट्रिक टन युरिया मलको माग छ । तर कृषि सामग्री कम्पनी केन्द्रीय कार्यालयले ६ हजार मेट्रिक टन कोटा तोकेको छ ।

तर धानको सिजन वैशाखदेखि भदौसम्ममा कृषि सामग्री कम्पनी नेपालगञ्जबाट हिजोसम्म १५९८.५ मेट्रिक टन मात्रै वितरण भएको छ । मागभन्दा निकै कम मल आएकाले अभाव भएको हो । किसानले असारदेखि नै मागेजति युरिया मल पाएका छैनन् । युरिया मलको अभाव हुनुको अर्को कारण भारतले अवैध रूपमा नेपालतर्फ आउने मलमा कडाइ गर्नु हो ।

**प्रधानमन्त्रीकै प्रश्न-मल अभाव किन ?**

मुलुकभर अहिलेसम्म ९२ प्रतिशत धान रोपाइँ सकिएको छ । तर, विडम्बना अधिकांश किसानले खेतमा रासायनिक मल हाल्न पाएका छैनन् । किसानले खेती सिजनमा मल नपाउनु कुनै नौलो कुरा भने होइन । मानो रोपेर मुरी फलाउने किसानले सिजनमा मल नपाएको यसपालि मात्र होइन, यो रोग नै दशकौंदेखिको हो ।

सरकारले कहिल्यै पनि रासायनिक मल पर्याप्त उपलब्ध गराउन जाँगर चलाएको देखिँदैन । तर, यसमा सरकारी अधिकारीहरूले प्रतिवाद गरे पनि टेन्डर खोलेर मल आउने बेलासम्म धान काट्ने बेला भइसक्छ । किसानका वर्षौंदेखिका पीडामा मल्हम लगाउन सरकार उदासीन रहँदै आएको स्वयं किसान बताउँछन् । तर, सरकार भन्छ- गोदाममा जति भए पनि मल छ । उता, किसानको खेतमा एक मुठी मल पुगेको छैन ।

विगतका मन्त्रीले झैं यसपालि कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले पनि 'किसानका खेतमा बेलैमा मल पुऱ्याउँछौं' भन्न भुलेनन् । किसान र आलोचकको मुख टाल्न यति भन्न भ्याएका कृषिमन्त्री अधिकारीले हिजो मंगलबार मलकै विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीको खप्की खाए ।




कृषि सामग्रीसँग २९ हजार १११ टन र साल्ट ट्रेडिङ कम्पनीसँग १३ हजार ७१२ टन मल मौज्दात रहेको उल्लेख गरेका छन् । तर, प्रधानमन्त्री ओलीले सार्वजनिक गरेको मलको तथ्याङ्क हिसाब गर्दा भने मिल्दैन ।

प्रधानमन्त्री ओलीले कृषिमन्त्री अधिकारी, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, कृषि मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्मा र कृषि सामग्री कम्पनी लिमिटेडका पदाधिकारी लगायतलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार मा मलकै विषयमा छलफलका लागि बोलाएका थिए । छलफलका क्रममा प्रधानमन्त्री ओलीको पहिलो प्रश्न थियो- 'मलको अभाव किन भयो ?'

प्रधानमन्त्रीले थपे, 'किनभने मलको सब्सिडी बढी दिनुपर्ने भएकाले कम ल्याइयो, तपाईंहरूको संस्था नै यसका लागि बनेको छ, मलको अभाव छ, तपाईंहरूको संस्थाले के काम गऱ्यो त ? गाली त तपाईंको संस्थाले खाइराखेको छैन, तपाईंको संस्था मल आपूर्ति गर्न सकेको छैन, चुप लागेर बसेको छ ।'

प्रधानमन्त्री ओलीले मल आपूर्ति र वितरण गर्ने संस्थाहरू जवाफदेही नभएका कारण नेताहरूले गाली खानुपरेको समेत बताए । उनले भने, 'नेताले गाली खाएका छन्, मन्त्रीले गाली खानुभएको छ, अर्को कुरा मल चाहियो यहाँ, तपाईंहरूको संस्था छ, के भएर आउँदैन मल ?' प्रधानमन्त्री ओलीले गत वर्ष आफू प्रधानमन्त्री हुँदा नै चाहिने कुरा सबै व्यवस्था गरेर मलको आपूर्तिमा कुनै कमी नहोस् भनेर स्पष्ट रूपमै निर्देशन गरेको पनि उल्लेख गरे ।

साथै, उनले छलफलपछि पदाधिकारीहरूलाई रासायनिक मलको वितरण चुस्त बनाउन नयाँ ढाँचा सहितको ठोस योजना ल्याउन, कम्पोष्ट र अर्गानिक मलको उत्पादन र प्रयोगका लागि राष्ट्रिय अभियान सञ्चालन तथा यसमा अनुदान नीतिको प्रस्ताव ल्याउन र माटोको उर्वरता बचाउने खालको रासायनिक मल कारखाना नेपालमै खोल्न अध्ययनको खाका ल्याउन निर्देशन पनि दिएका छन् ।

**प्रधानमन्त्रीले सार्वजनिक गरेको तथ्याङ्क मिल्दैन**

प्रधानमन्त्री ओलीले २५ साउनमा सामाजिक सञ्जाल फेसबुकमा स्ट्याटस नै लेखेर मलका विषयमा जानकारी दिएका थिए । उनले लेखेका थिए, 'यस वर्ष खेतीपातीको समयमा रासायनिक मलको अभाव नहोस् भनेर सरकारले विशेष ध्यान दिएको छ, कृषि मन्त्रालयले दिएको जानकारी अनुसार तत्कालका लागि २८ हजार ८२४ मेट्रिक टन मल मौज्दात छ भने १ लाख ४० हजार ५०४ मेट्रिक टन मल आउने क्रममा छ ।'

उनले कृषि सामग्रीसँग २९ हजार १११ टन र साल्ट ट्रेडिङ कम्पनीसँग १३ हजार ७१२ टन मल मौज्दात रहेको उल्लेख गरेका छन् । तर, प्रधानमन्त्री ओलीले सार्वजनिक गरेको मलको तथ्याङ्क हिसाब गर्दा भने मिल्दैन । उनले २८ हजार ८२४ टन मल मौज्दात रहेको भने पनि उनैले सार्वजनिक गरेको तथ्यांकलाई जोड्दा कृषि कम्पनी र साल्ट ट्रेडिङसँग रहेको मौज्दात ४२ हजार ८२४ टन हुन आउँछ।

**मलको माग कति हो, कति छ ?**

कृषि मन्त्रालयले १ देखि २७ साउनसम्म सार्वजनिक गरेको तथ्यांकअनुसार तत्कालका लागि ४९ हजार २८९ टन मल मौज्दात रहेको छ । जसमा कृषि सामग्रीसँग ३५ हजार ८९८ टन र साल्ट ट्रेडिङसँग १३ हजार ३९० टन रहेको छ ।

त्यस्तै १ लाख २१ हजार ३२५ टन मल आयातकै क्रममा र हेको मन्त्रालयले जनाएको छ । देशमा मलको वार्षिक माग ७ लाख टन हो । सरकारले मल ल्याउने जिम्मा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कम्पनीलाई दिएको छ । तर, वर्षेनि मुलुकमा २ देखि साढे २ लाख टन मल अपुग हुने गर्छ ।

सरकारले गत आर्थिक वर्ष २७ अर्ब ९५ करोड रुपैयाँ बजेट मल खरिदका लागि विनियोजन गरेको थियो। र, साढे ५ लाख टन खरिद लक्ष्य राखेको थियोरु। २०८०/८१ को बाँकी सहित ३२ असार २०८२ सम्म ३ लाख ९३ हजार ८३ टन आयात भएको छ । जसमध्ये कृषि कम्पनीले ३ लाख २० हजार ६०९ टन र साल्ट ट्रेडिङले ७२ हजार ४७३ टन आयात गरेको कृषि मन्त्रालयको तथ्यांकमा उल्लेख छ । मन्त्रालयका अनुसार १ साउन २०८१ देखि ३२ असार २०८२ सम्म ४ लाख ४१ हजार ३१५ टन बिक्री भएको छ ।

२०८२/८३ मा करिब ६ लाख टन मल खरिद गर्ने सरकारको लक्ष्य छ । मल खरिद गर्न सरकारले २८ अर्ब ८२ करोड बजेट विनियोजन गरेको छ। गत आर्थिक वर्षको मार्गस्थ परिमाण सहित १ साउन २०८२ देखि २६ साउनसम्म ४४ हजार ६६६ टन मल आयात भएको छ । जसमध्ये कृषि सामग्रीले ३१ हजार १०६ टन मल आयात गरेको छ भने साल्ट ट्रेडिङले १३ हजार ५६० टन आयात गरेको छ ।

**मल कारखानाको मृगतृष्णा**

जहिले पनि खेतीपाती सिजन सुरु भयो कि मल अभाव हुन्छ । सरकार पनि अभाव भएपछि मात्रै मल ल्याउन तात्तिन्छ । सरकारले वर्षेनि खेती गर्ने समय रासायनिक मल अभाव हुने नदिने वाचा सहितको घोषणा गरेकै हुन्छ । अनि मल अभाव हुनासाथ मल कारखाना खोल्ने घोषणा पनि भइहाल्छ ।

हुन त दुई दशक अघिदेखि नै मल उत्पादन गर्ने कारखाना खोल्नुपर्ने आवाज उठेको थियो । अनि त्यससँगै एक दशक बढी समयदेखि बजेटमै कारखाना स्थापना गर्ने घोषणा हुँदै आएको छ । प्रधानमन्त्री र मन्त्रीले रासायनिक मल उत्पादन गर्ने भाषण वर्षौंपिच्छे गर्छन् । तर, त्यो भाषण यथार्थमा परिणत हुने कुनै छाँटकाँट देखिंदैन । किसानलाई सरकारले बेलैमा मल आयात गरी वितरण गर्न सक्दैन ।

४ जेठमा प्रधानमन्त्री ओलीले नेपालमै रासायनिक मल उत्पादन गर्ने योजना अघि सारेको जानकारी फेसबुक मार्फत दिएका थिए । उनले लगानी बोर्डले मल उत्पादन कारखानाको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार पारेको र १३ जेठमा उनकै अध्यक्षतामा बसेको बोर्डको ६३औं बैठकले प्रतिवेदनलाई समीक्षा गरेर अघि बढाउने निर्णय गरेको पनि बताएका थिए ।

प्रत्येक वर्ष मलको माग बढ्दै जाँदा मुलुकमै कारखाना खोल्ने र रासायनिक मल उत्पादन गर्ने भन्ने गफ सरकारले दिँदै आएको छ ।

**मलको अभाव नियोजित**

प्रधानमन्त्रीले तत्काल मल उपलब्ध गराउन निर्देशन दिए पनि यसलाई विज्ञहरू भने 'कर्मकाण्डी' र समस्याको दिगो समाधान नभएको टिप्पणी गर्छन् । खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले रासायनिक मलमाथिको परनिर्भरताले देशको अर्थतन्त्र र माटो दुवैलाई खोक्रो बनाइरहेको बताए । उनले समाधान आयातमा नभई स्थानीय स्रोत र जैविक प्रणालीमा खोज्नुपर्नेमा जोड दिए ।

अधिकारीले मलको विषयमा सरकारी नीति नै स्पष्ट र एकीकृत नभएको बताए । 'मलको बारेमा हाम्रो राष्ट्रप्रमुखहरूकै पनि दृष्टिकोण एकदमै बाझिएको पाइन्छ' उनले भने, 'केही महिनाअघि र ासायनिक मल कारखाना खोल्ने निर्देशन दिने, फेरि प्राङ्गारिक मलको राष्ट्रिय अभियानको कुरा गर्ने र अहिले 'अरू कुरा थाहा छैन, मल चाहियो' भन्नुले नीतिगत अस्थिरता छर्लङ्ग हुन्छ ।' यस्तो विरोधाभासपूर्ण र अल्पकालीन सोचले समस्याको जरोसम्म पुग्न नसक्ने उनको भनाइ छ । अधिकारीका अनुसार मल अभावको मुख्य कारण नै अपर्याप्त बजेट हो ।

'पहिलो कुरा त जिल्लालाई पुग्ने मल किन्ने पैसै राज्यले दिँदैन, करिब ७ लाख मेट्रिक टन मल चाहिनेमा ३ देखि ४ लाख टनको लागि मात्र बजेट छुट्याइन्छ' उनले भने, 'जब मल नै पर्याप्त किन्न पैसा दिइएको छैन भने अभाव हुनु स्वाभाविक भयो ।' अभियन्ता अधिकारी समस्याको वास्तविक समाधानका लागि रासायनिक मलको विकल्प खोज्नुपर्ने बताउँछन् । 'माटोलाई चाहिने मल होइन, खाद्य तत्व हो' उनी भन्छन्, 'हामीले भात खाने कि क्यालोरी खाने भने जस्तै हो, माटोलाई पनि पोषकतत्व चाहिन्छ ।'

रासायनिक मलको अभावको यो चक्रबाट बाहिर निस्कन 'मल भनेकै रासायनिक मल हो' भन्ने भाष्यलाई सरकार र किसान दुवै तहबाट तोड्नु अपरिहार्य रहेको उनको भनाइ छ । उनका अनुसार जबसम्म नीतिगत तहबाटै स्थानीय स्रोतमा आधारित दिगो कृषि प्रणालीलाई प्राथमिकता दिइँदैन, तबसम्म हरेक वर्ष किसानले मलको अभावमा छटपटाउनु र देशले माटो र पैसा दुवै गुमाउनुपर्ने अवस्था सिर्जना भइरहन्छ ।

कृषिविज्ञ डा. कृष्णप्रसाद पौडेलले हरेक वर्ष खेतीको समयमा देखिने मल अभावको समस्यालाई सरकारले देखाउने चासो 'गोहीको आँसु' मात्र भएको टिप्पणी गरे । 'किसानलाई मल अभाव आजकै मात्रै समस्या भए जस्तो देखाउनु आवश्यक नै छैन' उनले भने, 'आखिर यो कुरा थाहा नपाएको प्रधानमन्त्री, मन्त्री र सचिव हो र ? यो २०औं वर्षदेखिको समस्या हो । अहिले आएर थाहा पाएजस्तो गर्नुको अर्थ छैन ।' यदि सरकारले किसानहरूलाई मल उपलब्ध गराउन नसक्ने भए सक्दैनौं भनेर सिधा भन्नुपर्ने उनको भनाइ छ ।

'सरकारले किसानलाई मल उपलब्ध हुन सक्दैनौं, तपाईंहरूले गाउँघरमै भएका झार, पात, कम्पोस्ट बनाउनु, पिना किन्नु, बोन मल किन्नु, अरु के-के उपाय अपनाउन सक्नुहुन्छ, त्यो अपनाउनु' भने त भैगो त !' उनले भने । तत्कालको समस्या समाधान गर्न दीर्घकालीन र असम्भव योजना देखाएर किसानलाई अल्झाउन नहुने उनले बताए ।

**के भन्छ मन्त्रालय ?**

कृषि मन्त्रालयका कृषि अर्थ विज्ञ तथा सूचना अधिकारी महानन्द जोशी मन्त्रालयले स्थानीय तह मार्फत तोकेको बिक्रेताले समयमै मल नउठाउँदा किसानलाई मलको समस्या भएको बताउँछन् । तोकिएका बिक्रेताले मल नलगिदिंदा मल बिक्री वितरण गर्ने कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङको गोदाममा ५९ हजार बढी मल स्टक रहेको उनको दाबी छ ।

'मल स्टक हुनुको एउटा कारण हाम्रो प्रचलित कार्यविधि अनुसार केही मल बफर स्टकमा र ाखने भएकाले पनि हो' सूचना अधिकारी जोशीले भने, 'सरकारी नीतिअनुसार देशमा संकटकालीन अवस्था आइपर्दा आपूर्ति सहज बनाउन निश्चित परिमाणमा मल सधैं 'बफर स्टक' का रूपमा सुरक्षित राखिन्छ । यो नियमित वितरण प्रक्रियामा सामेल हुँदैन, जसले गर्दा मौज्दातको केही हिस्सा गोदाममै रहन्छ ।'

उनका अनुसार यसअघिको पुरानो कार्यविधि अनुसार स्थानीय तहका सहकारी वा बिक्रेताहरूलाई कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङको गोदामबाट आफ्नो कोटाको मल उठाउन १२० दिन (चार महिना) सम्मको समय दिइन्थ्यो । यो लामो समयसीमाका कारण बिक्रेताहरूले समयमै मल नलग्दा गोदाममा मल थन्किने तर किसानले नपाउने विरोधाभासपूर्ण अवस्था सिर्जना भएको उनको भनाइ छ ।

'तर, अहिले हामीले त्यो कार्यविधि संशोधन गरेर मल वितरण कार्यविधि २०८२ हालसालै जारी गरेका छौं' सूचना अधिकारी जोशीले भने, 'त्यो कार्यविधिमा समयावधि घटाइएको छ । अब गोदाममा मल स्टक रहने सम्भावना कम हुन्छ र किसानले समयमै मल पाउँछन् ।'

उनका अनुसार नयाँ कार्यविधिमा तराई र नजिकका जिल्लामा कोटा तोकिएका बिक्रेताले १० दिनभित्र , मध्यम दूरीका जिल्लामा १५ दिनभित्र र दुर्गम तथा पहाडी जिल्लामा २१ दिनभित्र मल उठाइसक्नुपर्ने उल्लेख छ । 'यो नयाँ व्यवस्थाले बिक्रेतालाई तोकिएको समयभित्र मल उठाउन बाध्य बनाउँछ, जसले गर्दा वितरणमा देखिएको अवरोध हट्ने र किसानसम्म समयमै मल पुग्ने हाम्रो विश्वास छ', उनले भने ।

सूचना अधिकारी जोशी मौज्दात रहेको बाहेक आपूर्ति भएको सबै मल वितरण गरिसकिएको बताउँछन् । उनका अनुसार चालु आर्थिक वर्षमा हालसम्म ४४ हजार मेट्रिक टन मल आपूर्ति भइसकेको र गत वर्षको मौज्दात समेत गरी ४३ हजार ६०० मेट्रिक टन किसानलाई उपलब्ध गराइएको छ ।

थप १ लाख २१ हजार मेट्रिक टन मल आयातको क्रममा छ, जसमध्ये केही कोलकाता र केही वीरगञ्ज नाकामा आइपुगेको छ । यसबाहेक, थप ३ लाख मेट्रिक टन मल खरिदका लागि बोलपत्र आह्वान भइसकेको उनको भनाइ छ । नेपालमा मल कारखाना नहुँदा तेस्रो मुलुक (जस्तैः मोरक्को, इजिप्ट, चिली)बाट आयात गर्नुपर्ने बाध्यता छ । आयात प्रक्रियामा कहिलेकाहीं ६ महिनाभन्दा बढी समय लाग्ने गरेको छ । सूचना अधिकारी जोशी मल आयात गर्दा व्यापारिक नाकामा पर्न जाने अवरोधका कारण आपूर्ति गर्न ढिलो हुन पुगेको बताउँछन् ।

यसअघि सार्वजनिक खरिद ऐनमा रासायनिक मल खरिदका लागि विशेष व्यवस्था नहुँदा प्रक्रिया झन्झटिलो थियो । हालै सरकारले सार्वजनिक खरिद नियमावली संशोधन गरी मल खरिदका लागि विशेष व्यवस्था गरेको छ, यो व्यवस्थाअनुसार अब मल आयात गर्न केही सहज हुने उनको भनाइ छ ।

*(स्रोतः अनलाइनखबर)*

# केदार भन्छन्, 'म फरक गर्न तयार छु, के मेकर किन्न तयार छन् ?'



काठमाडौं/कलाकार केदार घिमिरेको पर्याय बनेको नाम हो, 'माग्ने बुढा' । 'मेरी बाँस्सै' सिरियलको उक्त पात्रले उनलाई दर्शकमाझ पहिचान दिलाएको थियो । अहिले उनी वास्तविक नामले भन्दा सिरियलकै पात्रले बढी चिनिन्छन् । सिरियल बन्द भएपछि फिल्ममा आएका उनलाई 'माग्ने बुढा' पात्रले भने छाडेको छैन । पहिलो फिल्म '६ एकान ६'मा उनी सोही पात्रको लवज र गेटअपमा देखिएका थिए ।

'वडा नम्बर ६'पछि उनले आफ्नो गेटअपमा परिवर्तन गरिरहेको भए पनि बोली र लवज 'माग्ने बुढा' पात्रको टुटेको छैन । हुँदाहुँदै उनले मुख्य भूमिकामा अभिनय गरेको पहिलो फिल्म 'माग्ने राजा'मा पनि बोली, लवज र शैली उही छ । जसले गर्दा केदारले फरक भूमिकामा आफूलाई प्रस्तुत गर्नै नचाहेको टिप्पणी भैरहेको छ । फिल्मको टिजर-ट्रेलरमा समेत यस्ता प्रतिक्रिया थुप्रै आएका छन् ।

आखिर केदारलाई 'माग्ने बुढा'को रुपमा मात्र प्रस्तुत हुनुपर्ने बाध्यता किन छ ? कि मेकरहरु उनलाई फरक भूमिकामा प्रस्तुत गर्नै चाहँदैनन् ? केदारका अनुसार यो आफ्नो नभइ मेकरहरुको चाहना हो । मंगलबार पत्रकारसँगको भेटमा उनले भने, 'म त्यो लवज र गेटअप छाडेर नयाँ पात्र गर्न तयार छु । तर, मैले फरक गरेको किन्न मेकरहरु तयार हुन्छन् कि हुँदैनन् भन्ने महत्त्वपूर्ण कुरा हो ।'

फिल्ममा 'माग्ने बुढा' पात्रको लवज नटुटेको भए पनि आफूले गेटअपमा भने परिवर्तन गरि रहेको उनको भनाइ छ । 'मैले 'छ एकान छ'मा आउँदा माकल टोपी आधा खोलेको थिएँ । 'वडा नम्बर ६' र 'छक्का पञ्जा'मा त्यो टोपी नै लगाइनँ । त्यसमा 'माग्ने बुढा'को लवज मात्र थियो । 'छ माया छपक्कै'मा पनि गेटअप फरक नै थियो । मैले सकेसम्म आफ्नो तर्फबाट फरक गर्ने प्रयास गरेको छु ।'

तर, 'माग्ने बुढा'को लवज छाड्न मेकरहरु नै तयार नरहेको केदारको गुनासो छ । यद्यपि, उनी आफूले अहिलेसम्म अभिनय गरेका फिल्ममध्ये गेटअपमा सबैभन्दा फरक देखिएको 'माग्ने राजा'लाई मान्छन् । उनी भन्छन्, 'यसअघिका फिल्ममा भन्दा यसमा मलाई धेरै फरक देखाइएको छ । मलाई स्टाइलिस देखाउन अनेक गरिएको छ । एकपटक त म यो गर्न सक्छु र भन्ने पनि भएको थियो ।'

फिल्मका निर्देशक ऋषि लामिछाने 'माग्ने बुढा'को बोली र भाषामा आम नेपालीले अपनत्व महसुस गर्ने भएकाले त्यसलाई परि वर्तन नगरिएको बताउँछन् । आफूले भन्न खोजेको कथा त्यो पात्रको भाषाबाट भन्दा दर्शकले बुझ्ने भएकाले पनि त्यसलाई निरन्तरता दिएको उनको भनाइ छ । फिल्मको व्यवसायका लागि केदारको बोली र लवज परिवर्तन नगरिएको पनि उनी निर्धक्क स्वीकार्छन् ।

# 'माइतीघर'ले घोषणा गऱ्यो ५ लाख राशीको नृत्य प्रतिस्पर्धा

काठमाडौं/यसपालिको दशैंको फूलपाती अर्थात् असोज १३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'माइतीघर'को प्रचार अभियानलाई थप सशक्त बनाउन निर्माण पक्षले ठूलो पुरस्कार राशीको नृत्य प्रतिस्पर्धा घोषणा गरेको छ । आगामी भदौ पहिलो साता सार्वजनिक हुन लागेको फिल्ममा समावेश 'वसन्त नै बस्न खोज्छ यहाँ लोलाएर' गीतमा पाँच लाख राशीको प्रतिस्पर्धा घोषणा गरिएको हो ।




प्रतिस्पर्धामा सहभागी हुन इच्छुकले गीतमा ४० सेकेन्डदेखि २ मिनेटसम्म भिडियो बनाउनुपर्नेछ । ती भिडियोहरु ओएसआरको युट्युब, फेसबुक र टिकटकमार्फत सार्वजनिक गरिनेछ । सर्वाधिक भ्यूज पाउने र उत्कृष्ट कोरियोग्राफी भएको भिडियोलाई छनोट गरेर ५ लाख नगद पुरस्कार दिइने फिल्मका प्रस्तुतकर्ता रोहित अधिकारीले बताए ।

भारतीय गायिका सञ्जिवनीको स्वरमा रहेको गीतमा भिडियो बनाएर भदौ २० गतेभित्र पठाइसक्नुपर्नेछ । फिल्म रिलिजको अघिल्लो दिन (असोज १२ गते) उत्कृष्ट भिडियो बनाउने व्यक्ति वा समूहको नाम घोषणा गरेर पुरस्कार प्रदान गरिने जनाइएको छ । झन्डै ६० वर्षअघि बनेको 'माइतीघर'को 'वसन्त नै बस्न खोज्छ' गीत भारतीय गायिका आशा भोस्लेले गाएकी थिइन् ।

मिलन तामाङको निर्देशनमा बनेको फिल्ममा केदार घिमिरे, धीरज मगर, प्रकाश सपूत, उपासना सिंह ठकुरी, श्यामाश्री शेर्पा, युवराज लामा, वृद्धि तामाङ, शिशिर वाङ्देल, रजनी गुरुङ, सन्तोष शाही, फूलकुमार बमजम, संगीता थापा लगायतको अभिनय रहेको छ । र विन शेरचन र धिरज तामाङको लगानी रहेको फिल्मका कार्यकारी निर्माता ईश्वर श्रेष्ठ र निरज कटुवाल हुन् ।

यसमा चन्द्रकुमार दोङको कथा, सुशन प्रजापतिको डोआपी, रामशरण पाठकको पटकथा तथा संवाद, सुरेन्द्र पौडेलको सम्पादन, किरण खरेल, कुमार स्याङ्बा र र ाम अविरलको गीत, चन्द्रकुमार दोङ, एलिस कार्की, एसडी योगी र स्वर्गीय जयदेवको संगीत तथा अष्ट महर्जनको द्वन्द्व निर्देशन रहेको छ । यो फिल्म तामाङ संस्कृतिको कथामा आधारित छ ।

# नीताको 'पार्वती' खेल्दै दीपाश्री

काठमाडौं/'छक्का पञ्जा' समूहले अर्को वर्ष मात्र नयाँ फिल्म बनाउने भएपछि दीपकराज गिरीबाहेक यो समूहका अन्य कलाकारहरुले बाहिरी ब्यानरका एकपछि अर्को फिल्ममा काम गरिरहेका छन् । केदार घिमिरे (माग्ने बुढा)ले गत वर्ष मात्र तीनवटा फिल्ममा अभिनय गरे । 'छक्का पञ्जा' श्रृंखलाकी निर्देशक तथा कलाकार दीपाश्री निरौलाले पनि लगातार फिल्ममा काम गरिरहेकी छन् ।

यतिबेला 'झरीपछिको इन्द्रेणी'को छायांकनमा व्यस्त रहेकी दीपाश्री अब अर्को नयाँ फिल्ममा आबद्ध भएकी छन् । अभिनेत्री नीता ढुंगानाको निर्देशनमा बन्न लागेको फिल्म 'पार्वती'मा उनी अनुबन्धित भएकी हुन् । मंगलबार दुवै पक्षबीच लिखित सम्झौता भएको हो । नीताका अनुसार फिल्ममा दीपाश्रीको भूमिका महत्त्वपूर्ण रहेको छ ।

नीता स्वयंले मुख्य भूमिकामा अभिनय गर्न लागेको फिल्ममा डान्स ग्रुप 'कार्टुन्ज क्रू'का सरोज अधिकारी सहायक निर्देशकको रूपमा जोडिएका छन् । आगामी असोजदेखि छायांकन सुरु हुने यो फिल्मको गत शनिबार दुईवटा पोस्टर सार्वजनिक गर्दै आगामी माघ १ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको छ ।

नीता फिल्म्सको ब्यानर मा बन्ने फिल्मको कथा नीता स्वयंले लेखेकी हुन् भने पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका हुन् । भारतीय छायाँकार कवीर लाल र शाहिद लालले फिल्म खिच्नेछन् । कवीरले नीताको अघिल्लो फिल्म 'ह्रस्व दीर्घ'को छायांकन गरेका थिए । फिल्ममा सावित्रा अधिकारी, नरहरी अधिकारी र पवन ढुंगानाको लगानी रहनेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा र उदयपुर सिमेन्ट उद्योग सरकारी पहलमै चलाउन सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ बन्द अवस्थामा रहेका सरकारी स्वामित्वका हेटौंडा र उदयपुर सिमेन्ट उद्योग पुन: सञ्चालनका लागि तत्काल पहलकदमी लिन संघीय सरकारलाई संसदीय समितिले सुझाएको छ ।

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिले गठन गरेका दुईवटा उपसमितिले उदयपुर र हेटौंडा सिमेन्ट उद्योग तत्काल सञ्चालनका लागि सरकारीस्तरबाटै पहल गर्न सिफारिस गरेको हो ।

समितिले २०८१ चैत १५ मा गठन गरेका पाँचवटा उपसमितिले प्रतिवेदन पेस गरेका छन् । विभिन्न जिल्लामा रहेका सरकारी तथा निजी उद्योग र भन्सार कार्यालयको अध्ययन गर्न गठन भएकामध्ये दुईवटा उपसमितिले सरकारी स्वामित्वको उदयपुर र हेटौंडा सिमेन्ट उद्योग तत्काल सञ्चालनका लागि सिफारिस गरेका हुन् ।




सरकारले वैशाख १५ गते मन्त्रिपरिषद् बैठकबाट उदयपुर र हेटौंडा सिमेन्ट उद्योग निजीकरण गर्ने निर्णय गरेको थियो । त्यसलगत्तै बन्द भएका ती दुई उद्योग पुन: सञ्चालनमा ल्याइएको छैन । दुवै उद्योगको स्थलगत अध्ययन गरेको संसदीय उपसमितिले सरकारी पहलबाटै तत्काल सञ्चालनमा ल्याउन सिफारिस गरेको हो । समितिअन्तर्गत सांसद एलपी साँवालिम्बूको संयोजकत्वमा गठित उपसतिमिले उदयपुर सिमेन्ट उद्योगको स्थलगत अध्ययन गरेर तयार गरेको प्रतिवेदनमा सरकारी पहलबाटै उद्योग सञ्चालन गर्न ५ बुँदामा सुझाव दिइएको छ ।

उद्योग समितिका सदस्य सांसद कृष्णकुमार श्रेष्ठको संयोजकत्वमा गठित उपसमितिले मकवानपुर, बारा र पर्साका उद्योग तथा भन्सार कार्यालयको अनुगमन गरी प्रतिवेदन तयार गरेको छ । उपसमितिले हेटौंडा सिमेन्ट उद्योग पुगेर तयार गरेको प्रतिवेदनमा उद्योग पूर्णक्षमतामा सञ्चालनका लागि पुराना मेसिन तथा उपकरणको मर्मतसहितको कारखाना सञ्चालनको रणनीतिक योजना तयार गर्न उद्योग मन्त्रालयलाई निर्देशन दिनुपर्ने सुझाव दिएको छ ।

हेटौंडा सिमेन्ट कारखाना तत्काल नियमित सञ्चालनको वातावरण सिर्जना गर्दै अन्य सिमेन्ट उत्पादकका उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्नेगरी उत्पादन प्रणालीको स्तरोन्नति गर्नुपर्ने उपसमितिले सुझाव पेश गरेको छ ।

हेटौंडा सिमेन्ट उद्योग अहिले बन्द छ । उद्योगले बजारमा सिमेन्ट बिक्री गरेको १७ करोड उधारो उठाउन सकेको छैन । सात करोड रुपैयाँ सरकारसँग ऋण मागिरहेको, उद्योग नियमित संचालन गर्न सबैले पहल गर्नुपर्ने माग कर्मचारीको छ ।

उपसमितिले उधारो असुल गरेर उद्योग सञ्चालनका लागि व्यवस्थापन जिम्मेवार हुनुपर्ने पनि ठहर गरेको छ । गत आर्थिक वर्ष २०८१/८२ असोज पहिलो साता उत्पादन ठप्प भएको हेटौंडा सिमेन्ट उद्योगले ६ महिनापछि उत्पादन सुरु गरेकोमा एक महिना सञ्चालन भएर पुन: बन्द गरिएको थियो ।

# एमाले थाहानगर कमिटीको बैठक सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ नेकपा एमालेको 'जनतासँग जनसंवाद' अन्तर्गत थाहानगर कमिटीको बैठक सम्पन्न भएको छ ।

एमाले थाहा नगरअध्यक्ष सुरेन्द्रमान प्रधानको अध्यक्षता एवम् केन्द्रीय सदस्य रामेश्वर रानाको प्रमुख आतिथ्यतामा बैठक सम्पन्न भएको हो । बैठकले 'जनतासँग जनसंवाद अन्तर्गत थाहानगरका १२ वटै वडाको बैठक, टोल कमिटीको बैठक, जनवर्गीय संगठनको बैठक तथा भेला आयोजना गर्ने र टोलटोलमा जनतासँग भेटघाट गरी साक्षात्कार गर्ने निर्णय गरेको छ । बैठकले थाहा वडा नं. १, ३ र ११ को भदौ २ गते, वडा नं. २, ४ र १२ को भदौ ३ गते, वडा नं. ५, ६ र ९ को भदौ ४ गते, वडा नं. ७, ८ र १० भदौ ५ गते बैठक गरी योजना बनाउने निर्णय गरेको छ ।

बैठकले भदौ १४ गते जनसंठगन संयन्त्रको बैठक, भदौ १५ गते राष्ट्रिय युवा संघ नेपाल र अनेरास्ववियुको बैठक, भदौ १६ गते अखिल नेपाल किसान महासंघ र भूमि तथा श्रमिक संगठन नेपालको बैठक, भदौ १७ गते नेपाल खेलकुल महासंघ र नेपाल उत्पीडित जातीय मुक्ती समाजको बैठक, भदौ १८ गते रिटर्नी फेडेरेशन नेपाल र नेपाल बुद्धिजीवी परिषदको बैठक, भदौ २० गते अनेमसंघ र नेपाल सैनिक तथा प्रहरी संगठन नेपालको बैठक गर्ने निर्णय गरेको छ ।

बैठकले प्रदीप प्रधानलाई नगरकमिटी सदस्यमा मनोनीत गर्दै जनसंगठन ईञ्चार्जको जिम्मेवारी दिने निर्णय गरेको छ । बैठकले सदस्यको योग्यता पुगेकालाई सदस्यता सिफारिस गर्न र नवीकरण हुन बाँकी पुराना सदस्यको अभियानकै बीच नवीकरण गरिसक्ने निर्णय गरेको छ । भदौभित्र आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गर्ने निर्णय गरेको छ । केन्द्रीय सदस्य रानाले पार्टी नेतृत्वविरुद्ध भइरहेको षडयन्त्रलाई चिरेर सरकारले गरेका उपलब्धिलाई जनताका बीचमा लैजान आग्रह गरे । नेता रानाले पार्टीका स्थानीय नेताहरु हरेक जनताको दु:ख र जनसरोकारका काममा लाग्न निर्देशन दिए ।

एमाले मकवानपुरका उपाध्यक्ष हिदम लामाले जनताका बीच फैलाइरहेको अफवाहलाई चिरेर अघि बढ्न आग्रह गरे । जिल्ला कमिटी सदस्यहरु शशीधर सुवेदी, बिमलकुमार ढकाल, सुनिता दोङ, तुलसा बिष्ट, नेपाल उड्ययन तथा पर्यटन विभाग बागमती प्रदेश सचिव बुद्वरत्न मानन्धर, पूर्वप्रदेश कमिटी सदस्य श्यामभक्त श्रेष्ठ, पूर्वजिल्ला कमिटी सदस्य सगुनकुमार ढकाल, चित्रबहादुर बलामी, पूर्वनगर सचिव रामकृष्ण बस्नेत, पूर्वनगर सचिवालय सदस्य फणिन्द्रनाथ सुवेदीलगायतको आतिथ्यता थियो ।

# २७८५ अंकमा झर्‍यो सेयर बजार, खुम्चियो कारोबार



काठमाडौं, २८ साउन/ बुधबार सेयर बजार १०.५० अंक घटेको छ । सो गिरावटपछि नेप्से परिसूचक २७८५ अंकमा कायम भएको छ । कारोबारका क्रममा दिउँसो १ बजे नेप्से २८१३ अंकसम्म पुगेको थियो । त्यसपछिको ओरालो यात्रा करिब अन्तिम समयसम्म नै कायम रह्यो ।

कारोबार रकम पनि घटेको छ । अघिल्लो दिन ६ अर्ब ९१ करोडको कारोबार भएकोमा बुधबार ६ अर्ब १६ करोडको भयो । ८९ कम्पनीको मूल्य बढ्दा १५९ को घट्यो भने एउटाको स्थिर रह्यो । बुधबार व्यापारबाहेक अरु समूहका सूचकको उतारचढाव १ प्रतिशत मुनि नै सीमित रह्यो । व्यापार सबैभन्दा धेरै १.५० प्रतिशत घट्यो । बैंकिङ ०.६९, होटल तथा पर्यटन ०.५४, हाइड्रोपावर ०.३०, लगानी ०.०२, जीवन बीमा ०.५६, उत्पादन तथा प्रशोधन ०.१०, माइक्रोफाइनान्स ०.२२ तथा निर्जीवन बीमा ०.२७ प्रतिशत घटे ।

विकास बैंक समूह ०.३५, फाइनान्स ०.०४ र अन्य ०.०३ प्रतिशत बढे मायाखोला हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै ५.७४ प्रतिशत बढ्यो । त्यस्तै नेपाल रिपब्लिक मिडियाको ३.६६, सप्तकोशी विकास बैंकको ३.३३, समाज लघुवित्तको ३.३१ प्रतिशत मूल्य बढ्यो ।

सिक्लेस हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै ७.२२ प्रतिशत घट्यो । बलेफी हाइड्रोपावरको ३.४५ तथा उपकार लघुवित्तको २.८२ प्रतिशत घट्यो । बुधबार धेरै कारोबार भएका पाँच कम्पनीमा बलेफी हाइड्रोपावर, युनाइटेड मोदी हाइड्रोपावर, शिवम् सिमेन्ट, एनआरएन इन्फ्रास्ट्रक्चर र नेपाल पुनर्बीमा कम्पनी छन् ।

# एमाले बागमतीमा विद्याबारे पार्टीनिर्णय पुनर्विचार गर्न सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ पार्टीले विधान मस्यौदामाथि मागेको सुझावअनुसार नेकपा एमाले बागमती प्रदेश कमिटीले मातहतका निकायसँग धमाधम सुझाव संकलन गरिरहेको छ ।

त्यसैक्रममा प्रदेश कमिटीले बुधवार प्रदेशभित्रका पालिका इन्चार्जसँग सुझाव मागेको बागमती प्रदेश कमिटी अध्यक्ष कैलाश ढुङ्गेलले जानकारी दिए । यसअघि सचिवालयसँग छलफल गरेको प्रदेशले बिहीबार जनसंगठनका इन्चार्जसँग सुझाव लिने तयारी रहेको अध्यक्ष ढुङ्गेलको भनाइ छ । 'समग्रमा पार्टीलाई मिलाएर लानुपर्छ भन्ने सुझाव र धारणा आएका छन्', ढुङ्गेलले भने- 'विधिसम्मत पार्टी चल्नुपर्छ र पार्टीका फैसला मान्नुपर्छ भन्ने नै छ ।'

कतिपय सुझावकर्ताले पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता कायम नभएको भन्ने पार्टीको निर्णयमा पुनर्विचार गर्नुपर्ने धारणा राखेको बताइएको छ । 'पार्टीलाई बलियो र सशक्त बनाउने अनि मिसन ८४ पुरा गर्ने हो भने पूर्वराष्ट्रपति भण्डारीलाई समेत विश्वासमा लिनुपर्ने आवश्यकता छ भन्ने एङ्गलबाट सुझाव आएका छन्', एकजना पालिका इन्चार्जले भने-'स्वभाविकरुपमा उहाँको सदस्यतामा विवाद गर्ने होइन, कायम गरेर जानुपर्छ ।'

नेकपा एमालेको पछिल्लो केन्द्रीय कमिटी बैठकले पूर्वराष्ट्रपति भण्डारी सक्रिय राजनीतिमा आउन नहुने भन्दै उनको सदस्यता कायम नभएको निर्णय गरेको थियो । नेकपा एमालेले भदौ १० गतेभित्र विधान मस्यौदामाथि सुझाव पठाउन मातहतलाई सर्कुलर गरेको थियो । भदौ २० देखि २२ गतेसम्म एमालेको दोस्रो विधान महाधिवेशन हुँदैछ । जसअन्तर्गत विधानका केही व्यवस्था परिवर्तन गर्ने मस्यौदा तयार पारेर एमालेले तल्ला कमिटीबाट सुझाव मागेको हो । ती सुझावलाई समेटेर विधान महाधिवेशनले विधान पारित गर्नेछ ।

# एन्फा र अध्यक्ष नेम्वाङविरुद्धको रिट खारेज

काठमाडौं, २८ साउन/ उच्च अदालत पाटनले पूर्व अध्यक्ष गणेश थापा र उनका छोरा गौरव थापाले अखिल नेपाल फुटबल संघ (एन्फा) विरुद्ध दर्ता गरेको रिट खारेज गरेको छ ।

गणेश थापाले एन्फा र अध्यक्ष पंकज विक्रम नेम्वाङविरुद्ध अदालतको अवहेलना भन्दै दर्ता गरेको रिटमा दाबी नपुग्ने भन्दै खारेज भएको छ ।



थापाले एन्फाको साधारण सभाको वैधानिकता र आफ्नो सहभागिताको दाबी गर्दै १९ वैशाखमा रिट दायर गरेका थिए ।

यसैगरी गौरवले पनि २३ वैशाखमा साधारण सभामा सहभागिताको विषय तथा २ जेठमा अदालतको अवहेलना सम्बन्धमा नेम्वाङलाई विपक्षी बनाइ मुद्दा दायर गरेका थिए ।

२६ वैशाखमा काभ्रेको धुलिखेलमा भएको साधारण सभामा अध्यक्ष थापाले फिफाको १० वर्षको प्रतिबन्धको समय सकिएका कारण प्रवेश पाउनु पर्ने आवाज उठाए पनि एन्फाले प्रक्रिया नपुगेको भन्दै उनीहरू दुवैलाई प्रवेश दिएको थिएन ।

# सृजना टोलको वार्षिक साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ हेटौंडा-६ चौघडामा रहेको सृजना टोल विकास संस्थाको २४ औ वार्षिक साधारणसभा बुधवार सम्पन्न भएको छ । साधारणसभाको बन्दसत्रले पुन जीवकुमारी पौडेलको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा सुनिता पौडेल, सचिवमा टुककुमारी चौलागाई, सहसचिवमा शान्ति चौलागाई र कोषाध्यक्षमा देवकी तिवारी चयन भएका छन् । सदस्यहरुमा अप्सरा दुलाल, कविता कँडेल, गीता ढकाल र कमला कार्की चयन भएका छन ।

नयाँ कार्यसमिति यनको लागि टोल विकास संस्था नगर समन्वय समिति उपाध्यक्ष सति न्यौपानेको संयोजकत्वमा ६ नं वडा भूगोल ईन्चार्ज गोमा लामिछाने र जनकल्याण सहकारीका कोषाध्यक्ष चेतनाथ खतिवडा सदस्य रहेको ३ सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । साधारणसभामा संस्थाकी अध्यक्ष पौडेलले संस्थागत प्रतिवेदन र कोषाध्यक्ष देवकी तिवारीले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा संस्थाले गरेका विभिन्न गतिविधिलाई प्रचार प्रसार गराई लोकप्रियता बढाउन सहयोग गर्ने सञ्चारकर्मी भीमसेन पौडेल, सहयोगी संस्था जनकल्याण बचत तथा ऋण सहकारी संस्था, ज्येष्ठसदस्य नानीमैया चौलागाई र असली कारोवारी मीरा लामालाई पुरस्कृत गरिएको थियो । हेटौंडा-६ का वडासदस्य विजय पौडेलको प्रमुख आतिथ्यता एवम् संस्था अध्यक्ष पौडेलको सभाध्यक्षतामा साधारणसभा भएको हो । ४४ लाख बचत रहेको संस्थाले ३७ लाख ऋण लगानी गरेको छ ।

९० घरधुरी रहेको संस्थामा १ सय ६५ सदस्य आवद्ध रहेको सचिव टुककुमारी चौलागाईले बताइन् । साधारणसभामा टोल विकास संस्था नगरसमन्वय समिति उपाध्यक्ष न्यौपाने, ६ नं वडा भूगोल ईन्चार्ज लामिछाने, जनकल्याण सहकारी कोषाध्यक्ष खतिवडा, प्रहरीचौकी चौघडा ईन्चार्ज अर्जुन देवकोटालगायतको आतिथ्यता थियो ।

# पर्सामा पर्‍यो पानी, रमाए किसान



वीरगञ्ज/पर्सामा सुक्खाग्रस्त भएर सङ्कट भोगिरहेका कृषकले मङ्गलबारदेखि परेको बर्सातले राहतको महसुस गरेका छन् । लामो समयदेखि खडेरीले धाँजा फाटेका खेतहरुमा पनि पानी सङ्कलन हुन थालेका छन् । वीरगञ्ज महानगर-२६ का कृषक रामजीवन साहले अकाशेपानी पर्न थालेसँगै धानको रोपो पनि हरियाली हुन थालेको बताए ।

'पर्साको बजार क्षेत्रमा यसअघि खासै ठूलो पानी पर्न सकिरहेको थिएन्', उनले भने, 'मङ्गलबार दिउँसो बुधबार बिहान पानी परेसँगै कृषकलाई थोरै हदसम्म भए पनि राहतको महसुस गरेका छन्।'

उनले अकाशेपानी पर्न थालेसँगै धाँजा फाटेका रोपोमा पनि विस्तारै हरियाली हुन थालेको बताए । मौसम फिल्ड कार्यालय सिमराका सहायक मौसमविद् लक्ष्मण कँडेलले मङ्गलबार बिहान ८:४५ बजेदेखि बुधबार बिहान ८:४५ बजेसम्म वीरगञ्ज बजार क्षेत्रमा ४९ मिलिमिटर वर्षा भएको जानकारी दिए ।

'हिजो र आज बिहान वीरगञ्जको बजार क्षेत्रमा मध्यम खालको वर्षा भएको छ', उनले भने, 'बजार क्षेत्रमा जस्तो ग्रामीण क्षेत्रमा भने त्यति धेरै पानी परेको छैन।' उनले मधेश प्रदेशका अझै तीन दिनसम्म वर्षा हुने पूर्वानुमान रहेको बताए । यद्यपि बारामा नौ दशमलव दुई मिलिमिटर वर्षा भएको छ ।

**हेटौंडा उपमहानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८२/०४/२९

हेटौंडा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्रको सुचना बमोजिम यस कार्यालयमाभ-दष्ममष्लन मार्फत समय सीमाभित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरि न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा यस कार्यालयको निर्णयानुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि.न. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1. | HSMC/GOODS/08/081/82 | Procurement, Supply and delivery of Motorcycle | M/SHansraj Hulaschand and Company Pvt. Ltd., Teku, Kathmandu | NRs25,72,200.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना